# नेपाल राष्ट्र बैंक
गभर्नरको कार्यालय

केन्द्रीय कार्यालय
वालुवाटार, काठमाडौं।
फोन नं.: ४४१०३८६
आन्तरिक १११/११४
फ्याक्स नं.: ४४१०१५९
Site: www.nrb.org.np
Email: prd@nrb.org.np
पोष्ट बक्स: ७३


पत्र संख्या : ग.का./चङ्खेली खबर/०७९/८० मिति: २०७९/१०/१८

श्री चङ्खेली खबर सञ्चार गृह प्रा.लि.
चङ्खेली खबर डट कम
गोकर्णेश्वर, काठमाडौं ।

**विषय: प्रतिक्रिया तथा खण्डन प्रकाशन गरिदिने सम्बन्धमा ।**

त्यस चङ्खेली खबर सञ्चार गृह प्रा.लि.द्वारा सञ्चालित चङ्खेली खबर डट कममा मिति २०७९ माघ १६ गते प्रकाशित **'गभर्नर महाप्रसादको अवैध धन्धा'** शीर्षकको समाचारप्रति यस बैंकको गम्भीर ध्यानाकर्षण भएको छ । पत्रकारिताको पेशागत मर्यादा विपरीत तथ्य र प्रमाणविना नै लेखिएको उक्त समाचार अत्यन्त निकृष्ट र बदनियतको मनसायबाट प्रेरित रहेको यस बैंकको ठम्म्याई छ । यसरी भ्रामक, कपोकल्पित र भुठो विवरण समेटिएको समाचारउपर बैंकको प्रतिक्रिया तथा खण्डन देहायबमोजिम रहेको छ । 'पत्रकार आचारसंहिता २०७३' को दफा ६(१) को व्यवस्थाबमोजिम उक्त प्रतिक्रिया तथा खण्डनलाई प्रकाशन गरिदिनुहुन अनुरोध छ । साथै, उक्त खण्डनलाई (संलग्न पत्रसमेत संलग्न राखी) त्यस पोर्टलको गृहपृष्ठमै प्रकाशन गरिदिनुहुनसमेत अनुरोध गरिन्छ ।

**खण्डनको विवरण**

१. चङ्खेली खबर सञ्चार गृह प्रा.लि.द्वारा सञ्चालित चङ्खेली खबर डट कममा मिति २०७९ माघ १६ गते प्रकाशित **'गभर्नर महाप्रसादको अवैध धन्धा'** शीर्षकको समाचारप्रति यस बैंकको गम्भीर ध्यानाकर्षण भएको छ ।

२. पत्रकारिताको न्यूनतम पेशागत मर्यादाको समेत धज्जी उडाउने गरी 'पत्रकार आचारसंहिता २०७३' को प्रावधानसँग प्रतिकूल हुनेगरी यस बैंक र बैंकका गभर्नर तथा अन्य अधिकारीउपर निराधार ढङ्गले आरोप लगाइएको उक्त समाचार भ्रामक, कपोकल्पित, भुठो रहेको यस बैंकको ठहर छ ।

३. नेपाल राष्ट्र बैंकका गभर्नरसहितका पदाधिकारीले बैंकका सवारी साधन भाडामा लगाएर अवैध कार्य गर्नुभएको भन्ने आशयको समाचार भ्रामक, भुठो, कपोकल्पित र निराधार रहेको यस बैंकको ठहर छ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं।
फोन नं.: ४४१०३८६
आन्तरिक १११/११४
फ्याक्स नं.: ४४१०१५९
Site: www.nrb.org.np
Email: prd@nrb.org.np
पोष्ट बक्स: ७३

४. समाचारमा लेखिएको छ, '२२ वटा सवारी साधनहरुबाट महिनाको करिब रु. पाँच लाख पचास हजार र वर्षको करिब छैसठ्ठी लाख कमाई हुने देखिन्छ । यो अवैध कमाई गभर्नरलगायत अन्य कर्मचारीहरुले बाँडेर खाने गरेको देखिन्छ । नेपाल विद्युत प्राधिकरण, मेचम्ची खानेपानी आयोजनाको सवारी साधन सम्बन्धित मन्त्रालय वा मन्त्रीले उपभोग गरिरहेको समाचार हामीले सुनेका छौं । राष्ट्र बैंकले पनि २२ वटा सवारी साधन नेताहरुलाई उपभोग गर्न दिइरहेको छ वा सवारी साधनहरु भाडामा दिई अवैध कार्य गरिरहेको छ । राष्ट्र बैंकका कर्मचारी र कार्यकारीहरुले जवाफ दिन जरुरी छ ।' यस बैंकबाटै उपलब्ध गराइएको तथ्य र आँकडालाई उल्लेख नगरी प्रमाणविना कसैप्रति कुनै आशङ्का लागेकै आधारमा यस्तो किसिमको अनर्गल र निराधार आरोप लगाउन मिल्छ ?

५. प्रस्तुत समाचारमा नेपाल राष्ट्र बैंकमा १२९ वटा सवारी साधन रहेको र तीमध्ये १०६ वटा सञ्चालनमा रहेको र बाँकी २२ वटा सवारी साधन अन्य व्यक्ति वा कम्पनीलाई दिएर नगद असुलेको उल्लेख छ । चङ्खेली खबर डट कमका सञ्चालक अंगराज भारतीका तर्फबाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम मिति २०७८/०९/१२ मा यस बैंकका नाममा दर्ता भएका सवारी साधनको विवरण माग गरिएको थियो । त्यस निवेदनउपर यस बैंकले २०७८/०९/१९ मा बैंकका नाममा १२९ थान सवारी साधन (एक मोटरसाईकल समेत) रहेको विवरण निज भारतीलाई उपलब्ध गराइएको थियो । सोही तथ्याङ्क/विवरणलाई उक्त समाचारमा उल्लेख गरिएको देखिन्छ ।

६. मिति २०७९/०९/२१ को निवेदनमार्फत निज भारतीले नेपाल राष्ट्र बैंकका पदाधिकारीले उपयोग गरेको सवारी साधनको संख्याको विवरण माग गरेकोमा निजलाई मिति २०७९/१०/०९ मा नै सोको विवरण उपलब्ध गराइएको थियो । जसमा बैंकका पदाधिकारीले उपयोग गरेको सवारी साधनको संख्या ७८ रहेको उल्लेख छ । यसबाहेक अघिल्लो वर्षकै आँकडाको आधारमा काठमाडौं बाहिरका कार्यालयमा २५ वटा सवारी साधन रहेको र तीन वटा सवारी साधन चालु अवस्थामा नरहेको उल्लेख गर्दै बाँकी २२ वटा सवारी साधन विभिन्न व्यक्ति तथा कम्पनीलाई भाडामा लगाएर नगद असुलेको भनी एकपक्षीय र भ्रामक विवरणलाई समेटेर उक्त समाचार प्रकाशित भएको देखिन्छ ।

७. समाचारमा उल्लेखित थप २२ वटा सवारी साधनहरु कसले उपयोग गरेका छन् ? भन्ने प्रश्न गर्दै निज अंगराज भारतीले मिति २०७९/१०/१० मा अर्को निवेदन पेश गर्दै सोको विवरण मागेकोमा मिति २०७९/१०/१५ मा यसको स्पष्ट विवरण निजलाई उपलब्ध गराइएको थियो । जसको व्यहोरा देहायबमोजिम थियो ।

*"यस बैंकका गभर्नर, डेपुटी गभर्नर, कार्यकारी निर्देशक र निर्देशकले प्रयोग गर्ने बाहेकका अन्य सवारी साधनहरु IMF, World bank, IFC लगायतका अन्तर्राष्ट्रिय निकायबाट नेपाल भ्रमणमा आउने विशिष्ट पाहुनाहरुलाई ल्याउन/लैजान, अर्थ मन्त्रालय तथा अन्य निकाय र अदालतमा सम्पादन गरिने कार्यमा सहजीकरण गर्न, मुद्रा जलान गर्ने कार्य, विदेशी मुद्रा विदेशमा पठाउनको लागि गरिने कार्गो सेवालगायत यस बैंकमा रहेको IMF प्रतिनिधिको कार्यालय, विभिन्न विभाग, कार्यालय तथा महाशाखा, एकल विन्दु सेवा केन्द्रलगायत विभिन्न विभाग/कार्यालयको दैनिक कार्य सञ्चालनमा प्रयोग हुँदै आएको व्यहोरा अनुरोध छ ।"*

केन्द्रीय कार्यालय
वालुवाटार, काठमाडौं।
फोन नं.: ४४१०३८६
आन्तरिक १११/११४
फ्याक्स नं.: ४४१०१५९
Site: www.nrb.org.np
Email: prd@nrb.org.np
पोष्ट बक्स: ७३

# नेपाल राष्ट्र बैंक
## गभर्नरको कार्यालय

उल्लेखित समाचारमा लेखिएको छ, 'जनताको सुशुचित हुने हकलाई अपमान गर्ने नेपाल राष्ट्र बैंकका कर्मचारी र कार्यकारीहरु सम्पर्कमा नआएको र जवाफ दिनबाट भागेकोले ती सवारी साधनहरुको दूरुपयोग गरि अवैध कमाई गर्ने गरेको प्रस्ट हुन्छ ।' तर उक्त समाचार प्रकाशन हुनु एक दिनअघि नै निज भारतीलाई इमेलमार्फत उपलब्ध गराइएको तथ्यलाई भने समाचारमा कतै स्थान दिएको देखिंदैन ।

यसरी सम्बन्धित संस्थाको आधिकारिक धारणालाई दबाएर/छिपाएर एकपक्षीय रूपमा समाचार प्रकाशन गर्ने कार्य बदनियत र दुराशयबाट प्रेरित रहेको यस बैंकको ठहर छ ।

**संलग्न:**
१.प्रकाशित समाचारको पूर्ण विवरण
२.सञ्चालक अंगराज भारतीलाई उपलब्ध गराइएको सूचनाको विवरण: पाना-१

भवदीय,

(नारायणप्रसाद पोखेल)
निर्देशक तथा सूचना अधिकारी

**बोधार्थ:**
श्री प्रेस काउन्सिल नेपाल
सञ्चारग्राम, काठमाडौं ।